
# नम्बर बिङ्गो

यस क्रियाकलाप (गतिविधि) ले निम्न कुरामा अन्वेषण गर्दछ
संख्याबारे चेतना र गणना गर्न

## सिक्ने लक्ष्य

**गन्ती (गणना) गर्ने अभ्यास गर्नुहोस्**



## तपाँईलाई के-के चाहिन्छ

- कागजका पानाहरू
- १० वटा सूचकांक (इन्डेक्स) कार्डहरू
- मार्कर
- सुकेका बोडी, टाँक, मसिना ढुङ्गा वा अन्य साना वस्तुहरू

## चरणहरू

**१. आफ्नो बोर्ड बनाउनुहोस्!** १० वटा बक्सहरू बनाउनकालागि कागजको टुक्राको बीचमा एउटा ठाँडो रेखा तान्नुहोस् र त्यसलाई काट्दै चारवटा रेखाहरू तान्नुहोस्। माथिल्लो बायाँ बक्समा एउटा बिन्दु लगाउनुहोस् र यसको छेउको बक्समा दोस्रो बिन्दु कोर्नुहोस्। तपाँईले १० वटा थोप्लाहरू नकोरेसम्म बिन्दु कोरी रहनुहोस्।
**२. आफ्ना कार्डहरू बनाउनुहोस्!** प्रत्येक सूचकांक (इन्डेक्स) कार्डमा १ देखि १० सम्म एउटा नम्बर लेख्नुहोस्।
**३. एक जना उद्घोषक छान्नुहोस्!** प्रत्येक खेलाडीलाई टोकनका रूपमा प्रयोग गर्नकालागि बिंगो बोर्ड र १० वटा साना वस्तुहरू दिनुहोस्। उद्घोषकलाई सूचकांक (इन्डेक्स) कार्डहरूको डेकमा भएका नम्बरलाई कोर्न लगाउनुहोस्।
**४. बिङ्गो खेल्नुहोस्!** जब उद्घोषकले नम्बर भन्नुहुन्छ, तपाँईले सम्बन्धित वर्गमा टोकनले चिन्ह लगाउनुहोस्। पुरै बोर्ड भरिए पछि "बिङ्गो!" भनि चिच्याएर कराउदै जित्नुहोस्।

भिडियो हेर्नुहोस्

## सँगै कुरा गर्नुहोस्

- तपाँईको बोर्डमा कतिवटा टोकनहरू छन्?
- तपाँईको बोर्डमा तीनवटा थोप्लाहरू भएको एउटा बक्स छ। के तपाँई त्यो बक्स देख्न सक्नुहुन्छ?

## पुस्तकबारे सुझाव

**टेन ब्ल्याक डट्स**
डोनाल्ड क्रूजद्वारा

## अनलाइन खेलहरू

**क्युरियोस जर्ज: फेअर शेयर्स**

pbskids.org/curiousgeorge/busyday/dogs/

थप रमाईला कार्यक्रमहरू पत्तालगाउन **pbssocal.org/familymath** मा हेर्नुहोस्।